# शिक्षक सेवा आयोग

**अध्यापन अनुमतिपत्र परीक्षा २०८२ सेट B**

**तह : निम्न माध्यमिक/ मावि समय १ घण्टा**

**पूर्णांक : १०० उत्तीर्णांक : ५०**

## वस्तुगत प्रश्नपत्र

१. राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार प्रारम्भिक बालविकास केन्द्रको अनुमति सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी कसको हो ?

(A) स्थानीय सरकार (B) प्रदेश सरकार

(C) संघीय सरकार (D) माथिका कुनै पनि होइन

२. बर्तमान संविधानअनुसार सामाजिक सुरक्षा र रोजगारी कसको अधिकार क्षेत्रभित्र पर्छ ?

(A) संघको अधिकारको सूची (B) प्रदेशको अधिकारको सूची

(C) संघ र प्रदेशको साझा अधिकारको सूची (D) स्थानीय तहको अधिकारको सूची

३. शिक्षा नियमावली, २०५९ अनुसार बिद्यालय व्यवस्थापन समितिका सदस्यको राजीनामा कसले स्वीकृत गर्दछ ?

(A) सम्बन्धित विद्यालय व्यवस्थापन समितिले (B) सम्बन्धित अध्यक्षले

(C) समितिको ज्येष्ठ सदस्यले (D) प्रधानाध्यापकले

४. नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई कस्तो विद्यालय भनिन्छ ?

(A) सामुदायिक विद्यालय (B) संस्थागत विद्यालय

(C) सहकारी विद्यालय (D) आधारभूत विद्यालय

५. शिक्षक सेवा आयोगले लिने अध्यापन अनुमतिपत्रको लिखित परीक्षाको उत्तीर्णाङ्क कति रहेको छ ?

(A) ३२ प्रतिशत (B) ३५ प्रतिशत (C) ४० प्रतिशत (D) ५० प्रतिशत

६. प्रौढहरुलाई शिक्षण गर्ने विधिलाई के भनिन्छ ?

(A) Andralogy (B) Pedagogy (C) Andragogy (D) Ontology

७. शिक्षा ऐन २०२८ को नवौं संशोधन कहिले भएको थियो ?

(A) वि.सं. २०५५ माघ १ (B) वि.सं. २०५८ माघ २५

(C) वि.सं. २०७३ असार १५ (D) वि.सं. २०७४ कार्तिक ६

८. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ अनुसार आधारभूत तहको वैकल्पिक शिक्षाका तहमध्ये ४ -५ सम्मलाई कुन तह मानिन्छ ?

(A) तह १ (B) तह २ (C) तह ३ (D) तह ४

९. बालसमूहको उमेर भनेर कुन अवस्थालाई चिनिन्छ ?

(A) शिशुअवस्था (B) योवनावस्था (C) पूर्व वाल्यावस्था (D) उत्तर बाल्यावस्था

१०. शिक्षण पेशामा प्रवेश गर्नको लागि अध्यापन अनुमतिपत्र अनिवार्य लिनुपर्ने व्यवस्था कहिलेदेखि लागू भएको हो ?

(A) शिक्षा ऐन २०२८ को सातौं संशोधनदेखि (B) शिक्षा ऐन २०२८ को आठौं संशोधनदेखि

(C) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ आएदेखि (D) शिक्षा निति २०७६ आएदेखि

११. घटना अध्ययन गर्दा प्रथम चरणमा मूलत देहाएमध्ये कुन कार्य गरिन्छ ?

(A) समस्याको पहिचान (B) तथ्याङ्क सङ्कलन

(C) उद्देश्य निर्माण (D) निष्कर्ष प्रतिवेदन

१२. आधारभूत तहको पाठ्यक्रम २०७६ अनुसार कक्षा १-३ को कुल पाठ्यघण्टा २६ मध्ये कति पाठ्यघण्टाको मातृभाषा वा स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ ?

(A) ३ (B) ४ (C) ५ (D) ६

१३. कुनै पनि कार्यको पृष्ठभूमि, कारण, कारकतत्व, असर, प्रभाव आदि विभिन्न पक्षहरूको अध्ययन विश्लेषण गरी समस्या न्यूनीकरण गर्ने उपाय वा सुझाव प्रस्तुत गर्ने कार्यको रुपमा......... लाई लिइन्छ ।

(A) घटना अध्ययन (B) आधारभूत अनुसन्धान

(C) प्रायोगिक अनुसन्धान (D) कार्यमूलक अनुसन्धान

१४. प्रवेश परीक्षालाई मूल्याङ्कनको कुन दर्जा अन्तर्गत राख्न सकिन्छ ?

(A) स्थान निर्धारण मूल्याङ्कन (B) निदानात्मक मूल्याङ्कन

(C) निर्णयात्मक मूल्याङ्कन (D) निर्माणात्मक मूल्याङ्कन

१५. शिक्षण सिकाइमा प्रयोग हुने सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उपकरणमा तलको मध्ये कुन पर्दैन ?

(A) रेडियो र टेलिभिजन (B) सफ्टवेयर र डिजिटल सामग्री

(C) छापा तथा मौद्रिक सामग्री (D) स्मार्टफोन तथा कम्प्युटर

१६. परीक्षणको साधन स्पष्ट, दोहोरो अर्थ नलाग्ने र समान उत्तरको आह्वान गर्ने खालको छ भने उक्त साधनमा कुन गुण रहेको मानिन्छ ?

(A) वैधता (B) विश्वसनीयता (C) वस्तुनिष्ठता (D) विभेदीकरण

१७. जिल्ला अनौपचारिक शिक्षा समितिमा कति जना सदस्य रहने व्यवस्था रहेको छ ?

(A) ११ जना (B) १३ जना (C) १५ जना (D) २१ जना

१८. कुनै पनि व्यक्तिको जीवनयापन गर्न आवश्यक तथा कुनै कार्य, पेशा, विशेष क्षेत्र वा ज्ञानको क्षेत्रमा कार्यसम्पादनसँग सम्बन्धित सीपलाई के भनिन्छ ?

(A) रोजगारमूलक सिप (B) जीवन उपयोगी सीप

(C) व्यवहार कुशल सिप (D) माथिका सबै

१९. यदि सूर्यलाई चन्द्रमा, चन्द्रमालाई पृथ्वी, पृथ्वीलाई आकाश, आकाशलाई तारा, तारालाई सूर्य भनिन्छ भने चरा कहाँ उड्दछ ?

(A) पृथ्वी (B) तारा (C) चन्द्रमा (D) सूर्य

२०. दिएको श्रृङ्खलामा गलत सङ्ख्या पत्ता लगाउनुहोस्।

11, 13, 15, 17, 19, 23

(A) 11 (B) 15 (C) 17 (D) २३

२१. रामको प्रति महिना आम्दानी रु ९,६०० छ यदि उसले प्रति महिना आम्दानीको ७५% खर्च गर्दछ भने उसको वार्षिक बचत कति होला ?

(A) २५,८०० (B) २६,८०० (C) २७,८०० (D) २८,८००